प्राविधिक शिक्षा तथा व्यावसायिक तालीम परिषद्

# परीक्षा नियन्त्रण कार्यालय

सानोठिमी, भक्तपुरको

## शैक्षिक शत्र २०७७/०७८ मा डिप्लोमा तथा प्रमाणपत्र तहको वर्गिकृत (नि:शुल्क) छात्रवृत्ति छनौटका लागि आवेदन फाराम भर्ने सम्बन्धी अत्यन्त जरुरी सूचना !

(सूचना प्रकाशित मिति २०७७।०५।२६ गते)

प्राविधिक शिक्षा तथा व्यावसायिक तालीम परिषद् प.नि.का.बाट संचालन गरिने डिप्लोमा तथा प्रमाणपत्र तहका तपसिल बमोजिमका शैक्षिक कार्यक्रमहरुमा शैक्षिक सत्र २०७७/०७८ मा "डिप्लोमा तथा प्रमाण-पत्र तहको प्रवेश परीक्षा संचालन, छात्रवृत्ति वितरण एवं भर्ना सम्बन्धी निर्देशिका २०७४ (तेश्रो संशोधन)" बमोजिम परिषदबाट संचालन सम्बन्धन स्वीकृती प्राप्त आंगिक, साझेदारी, टेक्स तथा निजी शिक्षण संस्थाहरुमा निर्धारण गरिएका वर्गिकृत (नि:शुल्क) छात्रवृत्ती कोटामा भर्नाका लागि तपसिल बमोजिम योग्यता पुगेका नेपाली नागरिकहरुबाट २०७७ आश्विन १९ गते भित्र रितपूर्वक आवेदन फाराम माग गरिएको हुँदा सम्बन्धित सबैको जानकारीका लागि यो सूचना प्रकाशित गरिएको छ ।

**तपसिल**

**१. वर्गिकृत (नि:शुल्क) छात्रवृत्ति सम्बन्धी जानकारी:**

परिषद्का आंगिक, साझेदार, सामुदायिक तथा निजी स्तरमा संचालित शिक्षण संस्थाहरुमा डिप्लोमा तथा प्रमाणपत्र तहमा भर्ना हुने विद्यार्थीहरुको संख्या जतिसुकै भएतापनि प्रत्येक शैक्षिक कार्यक्रममा नेपाली नागरिकलाई देहाय बमोजिम कोटा संख्यामा छात्रवृत्ति प्रदान गरिनेछ ।

**तपसिल**

| छात्रवृत्तिको विवरण | २० स्वीकृत कोटाको प्रत्येक शैक्षिक कार्यक्रममा | ३० स्वीकृत कोटाको प्रत्येक शैक्षिक कार्यक्रममा | ४० स्वीकृत कोटाको प्रत्येक शैक्षिक कार्यक्रममा | ४८ स्वीकृत कोटाको प्रत्येक शैक्षिक कार्यक्रममा |
|---|---|---|---|---|
| वर्गिकृत (नि:शुल्क) | १ | २ | ३ | ४ |

परिषद् स्तर निर्धारण महाशाखा, पोलिटेक्निक महाशाखा र सामुदायिक विद्यालयमा प्राविधिक शिक्षा कार्यक्रम महाशाखाबाट प्राप्त शिक्षण संस्थाको विवरण अनुसार कायम हुन आउने वर्गिकृत (नि:शुल्क) छात्रवृत्ति कोटाहरु निम्न बमोजिम रहेको छ । शिक्षण संस्थाको थप सूची प्राप्त भएमा सोही बमोजिम कोटा संख्या थप हुनेछ ।

| शैक्षिक कार्यक्रम | प्रदेश नम्बर | | | | | | | जम्मा |
|---|---|---|---|---|---|---|---|---|
| | १ | २ | बाग्मती | गण्डकी | ५ | कर्णाली | सुदुरपश्चिम | |
| प्रमाणपत्र तह नर्सिङ्ग | २९ | ३८ | १३१ | २१ | ५४ | ३ | १३ | २८९ |
| प्रमाणपत्र तह सामान्य चिकित्सा | ३० | ३६ | ७२ | ९ | ३० | ३ | १२ | १९२ |
| प्रमाणपत्र तह मेडिकल ल्याब टेक्नोलोजी | १० | १६ | ५६ | ८ | २४ | ० | ६ | १२० |
| प्रमाणपत्र तह डेण्टल साइन्स | ३ | ६ | २१ | ३ | ० | ० | ० | ३३ |
| प्रमाणपत्र तह डाइग्नोष्टिक रेडियोग्राफी | १० | २ | २६ | ४ | ४ | ० | ० | ४६ |
| प्रमाणपत्र तह सामान्य आयुर्वेदिक चिकित्सा | ० | ३ | ६ | ० | ० | ० | ० | ९ |
| प्रमाणपत्र तह अप्थाल्मिक विज्ञान | ० | ३ | ६ | ३ | ९ | ० | ० | २१ |
| प्रमाणपत्र तह अकुपञ्चर | ० | ० | ३ | ० | ० | ० | ० | ३ |
| डिप्लोमा ईन फार्मेसी | १५ | ९ | ६९ | ६ | १८ | ० | ६ | १२३ |
| प्रमाणपत्र तह फिजियोथेरापी | ० | ० | २ | ० | ० | ० | ० | २ |
| डिप्लोमा ईन सिभिल इन्जिनियरिङ्ग | ८४ | १०० | १७६ | ७६ | ११६ | ८० | १०३ | ७३५ |
| डिप्लोमा ईन इलेक्ट्रिकल इन्जिनियरिङ्ग | ४ | ३२ | ३६ | ८ | १६ | ० | ८ | १०४ |
| डिप्लोमा ईन इलेक्ट्रोनिक्स इन्जिनियरिङ्ग | ४ | ० | ० | ० | ० | ० | ० | ४ |
| डिप्लोमा ईन इलेक्ट्रिकल एण्ड इलेक्ट्रोनिक्स इन्जिनियरिङ्ग | ६ | ८ | १२ | ० | ४ | ० | ० | ३० |
| डिप्लोमा ईन जिओमेटिक्स ईन्जिनियरिङ्ग | ८ | २४ | ३६ | ४ | २४ | १२ | ४ | ११२ |
| डिप्लोमा ईन आर्कीटेक्चर ईन्जिनियरिङ्ग | ६ | ० | १२ | ० | १२ | ० | ० | ३० |
| डिप्लोमा ईन मेकानिकल इन्जिनियरिङ्ग | ४ | ४ | १२ | ० | ६ | ० | २ | २८ |
| डिप्लोमा ईन मेकाट्रोनिक्स इन्जिनियरिङ्ग | | | २ | ० | | | | २ |
| डिप्लोमा ईन अटोमोवाइल इन्जिनियरिङ्ग | ० | ४ | १८ | ४ | १६ | ० | ४ | ४६ |
| डिप्लोमा ईन इंन्फरमेशन टेक्नोलोजी (आई.टी.) | ८ | ८ | १२ | ४ | १६ | ४ | ४ | ५६ |
| डिप्लोमा ईन कम्प्युटर इन्जिनियरिङ्ग | २० | ३२ | ३२ | १६ | ३२ | १२ | १६ | १६० |
| डिप्लोमा इंन रेफ एण्ड एसी इन्जिनियरिङ्ग | ० | ० | ० | ० | ४ | ० | ० | ४ |
| डिप्लोमा ईन हाइड्रोपावर इन्जिनियरिङ्ग | ८ | ० | ४ | ० | ० | ० | ० | १२ |
| डिप्लोमा इन एग्रिकल्चर (बाली विज्ञान) | ५७ | ४२ | ८१ | ५१ | ७२ | १११ | ९० | ५०४ |
| डिप्लोमा इन एग्रिकल्चर (पशु विज्ञान) | २७ | २७ | ३६ | २७ | ३६ | ३० | ४२ | २२५ |
| डिप्लोमा इन फुड एण्ड डेरी टेक्नोलोजी | ३ | ३ | ३ | ० | ३ | ० | ० | १२ |
| डिप्लोमा इन फरेष्ट्री | ९ | ६ | १५ | १८ | २७ | ३० | ३० | १३५ |
| डिप्लोमा इन होटल म्यानेजमेण्ट | ३ | ३ | ९ | ३ | ३ | ० | ३ | २४ |
| डिप्लोमा इन इन्टरप्रिनरसिप | ० | ० | ३ | ० | ० | ० | ० | ३ |
| सोसियल वर्कर | ० | ० | ३ | ० | ० | ० | ० | ३ |
| **जम्मा** | **३४८** | **४०६** | **८९४** | **२६५** | **५२६** | **२८५** | **३४३** | **३०६७** |

परिषद्का प्रत्येक आंगिक, साझेदारी, सामुदायिक विद्यालय र निजी स्तरमा संचालित शिक्षण संस्थाहरुमा शैक्षिक सत्र २०७७/०७८ को लागि कार्यक्रम संचालन गर्न स्वीकृत पाएका प्रत्येक शैक्षिक कार्यक्रममा वर्गिकृत छात्रवृत्तिको लागि निर्धारित कुल संख्यालाई १०० प्रतिशत कायम गरि उक्त संख्यालाई ५०-५० प्रतिशतमा साधारण र लक्षित वर्ग गरी दुई समूहमा विभाजन गरी नेपालको सरकारी वा सामुदायिक विद्यालयबाट प्रवेशिका परीक्षा, एस.ई.ई., परिषद् तथा त्रिभुवन विश्वविद्यालयका आंगिक शिक्षण संस्थाबाट प्राविधिक एस.एल.सी परीक्षा वा सो सरह उत्तीर्ण गरेका नेपाली नागरिकलाई भर्ना सम्बन्धी निर्देशिकाको बुँदा नं. ७ को क्र.सं. १ मा उल्लेख भए बमोजिमको संख्यामा नि:शुल्क छात्रवृत्ति प्रदान गरिनेछ ।

**(क) साधारण समुह** : नेपालको सरकारी वा सामुदायिक विद्यालयबाट प्रवेशिका परीक्षा, एस.ई.ई., परिषद् तथा त्रिभुवन विश्वविद्यालयका आंगिक शिक्षण संस्थाबाट प्राविधिक एस.एल.सी परीक्षा वा सो सरह उत्तीर्ण योग्यता पुगेका नेपाली नागरिकहरुलाई लक्षित तथा साधारण समुहका निर्देशिकामा उल्लेख भए बमोजिमको प्रतिशतलाई सत प्रतिशत कायम गरि वर्गिकृत (नि:शुल्क) छात्रवृत्ति प्रदान गरिनेछ ।

**(ख) लक्षित वर्ग समुह** : नेपालको सरकारी वा सामुदायिक विद्यालयबाट प्रवेशिका परीक्षा, एस.ई.ई., परिषद तथा त्रिभुवन विश्वविद्यालयका आंगिक शिक्षण संस्थाबाट प्राविधिक एस.एल.सी परीक्षा वा सो सरह उत्तीर्ण गरेका तपसिलका लक्षित वर्गका नेपाली नागरिकहरुलाई निर्देशिकामा निर्धारित

भए बमोजिमको प्रतिशतलाई सत प्रतिशत कायम गरि निम्न बमोजिमको आरक्षित गरिएको प्रतिशतमा कार्यक्रम अनुसारको सिट संख्यामा निःशुल्क (बर्गिकृत) छात्रवृत्ति प्रदान गरिनेछ ।

**आरक्षित गरिएको लक्षित बर्ग र आरक्षित प्रतिशत**

| क.सं. | लक्षित वर्ग | आरक्षित प्रतिशत | |
|---|---|---|---|
| १ | **अपाङ्ग** | | २ |
| २ | **पूर्व कमैया/हलिया** | | २ |
| ३ | **पिछडिएको दुर्गम क्षेत्र** | | ४ |
| ४ | **दलित** | | ९ |
| ५ | **महिला (एकल महिलालाई पहिलो प्राथमिकता दिइनेछ)** | | २५ |
| | क. मुस्लिम समुदायका महिला | २ | |
| | ख. दलित समुदायका महिला | ३ | |
| | ग. क्र.स. ५ क र ख बाहेकका महिला | २० | |
| ६ | **आदिवासी-जनजाति (सूचीकृत)** | | २५ |
| | क. समूह क मा पर्ने जातजाती | ४ | |
| | ख. समूह ख मा पर्ने जातजाती | ५ | |
| | ग. समूह ग मा पर्ने जातजाती | ५ | |
| | घ. समूह घ मा पर्ने जातजाती | ५ | |
| | ङ. समूह ङ मा पर्ने जातजाती | ६ | |
| ७ | **आर्थिक वा सामाजिक रुपमा विपन्न** | | ३३ |
| | क. मुस्लिम समुदाय | २ | |
| | ख. मधेशी समुदायका दलित | ३ | |
| | ग.जनआन्दोलन/जनयुद्ध/मधेश आन्दोलन/द्वन्द पिडीत/विस्थापित/बेपत्ता परिएका व्यक्ति र शहिद परिवार तथा घाइते वा निजको सन्तति | ३ | |
| | घ. क्र.सं. ७ क र ख बाहेकका मधेशी समुदाय | १५ | |
| | ङ क्र.सं. ७ क, ख, ग र घ बाहेकका आर्थिक वा सामाजिक रुपमा विपन्न | १० | |

- यदि कुनै तोकिएको कार्यक्रमको अध्यापन कार्य संचालन नहुने अवस्था आइपरेमा यस बमोजिमको छात्रवृत्ति प्रदान गरिने छैन ।
- परिषद्‌बाट छात्रवृत्ति प्राप्त गरी अध्ययन गर्ने विद्यार्थीले अध्ययन पश्चात नेपाल सरकारले चाहेमा तोकिएको समय सम्म खटाएको स्थानमा गई सेवा गर्नु पर्नेछ । सो का लागि आवेदन फाराममा उल्लेखित कबुलियतनामा गर्नु पर्नेछ ।
- कुनै पनि परीक्षार्थीले यस निर्देशिका बमोजिमको शैक्षिक कार्यक्रम अध्ययनका लागि परिषद् वा अन्य सरकारी निकायबाट उपलब्ध गराइने छात्रवृत्तिहरु मध्ये निजले रोजेको एउटा मात्र छात्रवृत्ति प्राप्त गर्नेछ ।
- छात्रवृत्ति पाउने मनसायले नक्कली कागजपत्रहरु पेश गरी छात्रवृत्ति पाएको ठहर भएमा जुनसुकै अवस्थामा परिषद्, प.नि.का. ले रजिष्ट्रेशन खारेज गरी निज उपर प्रचलित कानून बमोजिम कारवाहीका लागि सिफारिस गर्नेछ । त्यस्ता परीक्षार्थीलाई परिषद्‌बाट संचालन हुने कुनै पनि किसिमको परीक्षामा ५ वर्षसम्म समावेश गराइने छैन । छात्रवृत्तिमा सिफारिश भई भर्ना भएका परीक्षार्थीहरुले आफू अध्ययनरत शिक्षण संस्थामा लाग्ने कुनै पनि किसिमको शुल्क तिर्नु पर्ने छैन । अध्ययन अवधिभर खाने र बस्ने व्यवस्था भने परीक्षार्थी आफैले गर्नुपर्ने छ ।

**२. अध्ययन गराइने शैक्षिक कार्यक्रम तथा आवश्यक न्यूनतम शैक्षिक योग्यता**

| क्र.स. | अध्यापन गराइने शैक्षिक कार्यक्रम | आवश्यक न्यूनतम शैक्षिक योग्यता |
|---|---|---|
| १ | प्रमाणपत्र तह नर्सिङ्ग | मान्यता प्राप्त शिक्षण संस्थाबाट अनिवार्य गणित, अंग्रेजी र विज्ञान विषय लिई एस.एल.सी. वा सो सरहको परीक्षा कम्तीमा द्वितीय श्रेणीमा उत्तीर्ण वा कुल प्राप्ताङ्कमा ४५ प्रतिशत अंक प्राप्त वा एस.एल.सी. उत्तीर्ण भई परिषद् वा त्रिभुवन विश्वविद्यालयबाट यस बमोजिम संचालन हुने कार्यक्रमसंग सम्बन्धित प्राविधिक एस.एल.सी. को कुल पूर्णाङ्कमा क्रमश: ६८.३३ र ६६.६७ प्रतिशत अंक प्राप्त गरी उत्तीर्ण गरेको ।<br>अक्षराङ्कन पद्धती लागु भएपछीको हकमा मान्यता प्राप्त शिक्षण संस्थाबाट प्रवेशिका वा एस.ई.ई. परीक्षामा अनिवार्य गणित, अंग्रेजी र विज्ञान विषयमा न्यूनतम C ग्रेड प्राप्त गरी समग्र ग्रेड Grade Point Average (GPA) - न्यूनतम २ प्राप्त । |
| २ | प्रमाणपत्र तह सामान्य चिकित्सा | मान्यता प्राप्त शिक्षण संस्थाबाट अनिवार्य गणित, अंग्रेजी र विज्ञान विषय लिई एस.एल.सी. वा सो सरहको परीक्षा उत्तीर्ण वा परिषद् वा त्रिभुवन विश्वविद्यालयबाट यस बमोजिम संचालन हुने कार्यक्रमसंग सम्बन्धित प्राविधिक एस.एल.सी. को कुल पूर्णाङ्कमा क्रमश: ६८.३३ र ६६.६७ प्रतिशत अंक प्राप्त गरी उत्तीर्ण ।<br>अक्षराङ्कन पद्धती लागु भएपछीको हकमा मान्यता प्राप्त शिक्षण संस्थाबाट प्रवेशिका वा एस.ई.ई. परीक्षामा अनिवार्य गणित, अंग्रेजी र विज्ञान विषयमा न्यूनतम C ग्रेड प्राप्त गरी समग्र ग्रेड Grade Point Average (GPA) - न्यूनतम २ प्राप्त । |
| ३ | प्रमाणपत्र तह मेडिकल ल्याब टेक्नोलोजी | |
| ४ | प्रमाणपत्र तह डेण्टल साइन्स (डेण्टल हाइजिन) | |
| ५ | प्रमाणपत्र तह डाइग्नोष्टिक रेडियोग्राफी | |
| ६ | प्रमाणपत्र तह सामान्य चिकित्सा (आयुर्वेद) | |
| ७ | प्रमाणपत्र तह अप्थाल्मिक बिज्ञान | |
| ८ | प्रमाणपत्र तह अकुपञ्चर | |
| ९ | डिप्लोमा ईन फार्मेसी | |
| १० | प्रमाणपत्र तह फिजियोथेरापी | |
| ११ | डिप्लोमा ईन सिभिल इन्जिनियरिङ्ग | मान्यता प्राप्त शिक्षण संस्थाबाट अनिवार्य गणित, अंग्रेजी र विज्ञान विषय लिई एस.एल.सी. वा सो सरहको परीक्षा उत्तीर्ण वा परिषद् वा त्रिभुवन विश्वविद्यालयबाट यस बमोजिम संचालन हुने कार्यक्रमसंग सम्बन्धित प्राविधिक एस.एल.सी. को कुल पूर्णाङ्कमा क्रमश: ६८.३३ र ६६.६७ प्रतिशत अंक प्राप्त गरी उत्तीर्ण ।<br>अक्षराङ्कन पद्धती लागु भएपछीको हकमा मान्यता प्राप्त शिक्षण संस्थाबाट प्रवेशिका वा एस.ई.ई. परीक्षामा अनिवार्य गणित र विज्ञानमा न्यूनतम C ग्रेड र अंग्रेजी विषयमा न्यूनतम D+ ग्रेड प्राप्त । |
| १२ | डिप्लोमा ईन इलेक्ट्रिकल इन्जिनियरिङ्ग | |
| १३ | डिप्लोमा ईन इलेक्ट्रोनिक्स इन्जिनियरिङ्ग | |
| १४ | डिप्लोमा ईन इलेक्ट्रिकल एण्ड इलेक्ट्रोनिक्स इन्जिनियरिङ्ग | |
| १५ | डिप्लोमा ईन जिओमेटिक्स ईन्जिनियरिङ्ग | |
| १६ | डिप्लोमा ईन आर्कीटेक्चर ईन्जिनियरिङ्ग | |
| १७ | डिप्लोमा ईन मेकानिकल इन्जिनियरिङ्ग | |
| १८ | डिप्लोमा ईन अटोमोबाइल इन्जिनियरिङ्ग | |
| १९ | डिप्लोमा ईन ईन्फरमेशन टेक्नोलोजी (आई.टी.) | |
| २० | डिप्लोमा ईन कम्प्युटर इन्जिनियरिङ्ग | |
| २१ | डिप्लोमा ईन रेफ एण्ड एसी इन्जिनियरिङ्ग | |
| २२ | डिप्लोमा ईन हाइड्रोपावर इन्जिनियरिङ्ग | |
| २३ | डिप्लोमा ईन मेकाट्रोनिक्स इन्जिनियरिङ्ग | |
| २४ | डिप्लोमा इन एग्रिकल्चर (बाली विज्ञान) | मान्यता प्राप्त शिक्षण संस्थाबाट अनिवार्य गणित, अंग्रेजी र विज्ञान विषय लिई एस.एल.सी. वा सो सरहको परीक्षा उत्तीर्ण वा परिषद् वा त्रिभुवन विश्वविद्यालयबाट यस बमोजिम संचालन हुने कार्यक्रमसंग सम्बन्धित प्राविधिक एस.एल.सी. को कुल पूर्णाङ्कमा क्रमश: ६८.३३ र ६६.६७ प्रतिशत अंक प्राप्त गरी उत्तीर्ण । |
| २५ | डिप्लोमा इन एग्रिकल्चर (पशु विज्ञान) | |
| २६ | डिप्लोमा इन फुड एण्ड डेरी टेक्नोलोजी | |
| २७ | डिप्लोमा इन फरेष्ट्री | |

| | | |
|---|---|---|
| | | अक्षराङ्कन पद्धती लागु भएपछीको हकमा मान्यता प्राप्त शिक्षण संस्थाबाट प्रवेशिका वा एस.ई.ई. परीक्षामा अनिवार्य अंग्रेजी, गणित, र विज्ञान मध्ये कुनै दुई वटा विषयमा न्यूनतम C ग्रेड र कुनै एक विषयमा न्यूनतम D+ ग्रेड प्राप्त । |
| २८ | डिप्लोमा इन होटल म्यानेजमेण्ट | मान्यता प्राप्त शिक्षण संस्थाबाट अनिवार्य गणित, अंग्रेजी र विज्ञान विषय लिई एस.एल.सी. वा सो सरहको परीक्षा उत्तीर्ण वा परिषद् वा त्रिभुवन विश्वविद्यालयबाट यस बमोजिम संचालन हुने कार्यक्रमसंग सम्बन्धित प्राविधिक एस.एल.सी. को कुल पूर्णाङ्कमा क्रमशः ६८.३३ र ६६.६७ प्रतिशत अंक प्राप्त गरी उत्तीर्ण । |
| २९ | डिप्लोमा इन इन्टरपेनरसिप डेभलपमेण्ट | |
| ३० | डिप्लोमा इन सोसियल वर्कर | अक्षराङ्कन पद्धती लागु भएपछीको हकमा मान्यता प्राप्त शिक्षण संस्थाबाट प्रवेशिका वा एस.ई.ई. परीक्षामा अनिवार्य गणित, अंग्रेजी र विज्ञान विषयमा न्यूनतम D+ ग्रेड प्राप्त |

क) यस शैक्षिक सत्रको लागि एस.ई.ई. मा ग्रेड बृद्धिको प्रावधान नभएको हुँदा तोकिएको कार्यक्रमको लागि आवश्यक पर्ने न्यूनतम शैक्षिक योग्यता (ग्रेड) पुगेका आवेदकले मात्र आवेदन फाराम भर्न सक्नेछन् ।

## ३. आवेदन फाराम साथ पेश गर्नुपर्ने कागजातहरु

क) नेपाली नागरिक हो भनी प्रमाणित हुने नागरीकता वा नावालीग वा जन्म दर्ता प्रमाणपत्रको प्रतिलिपि ।

ख) सरकारी वा सामूदायिक विद्यालय, परिषद् र त्रिभुवन विश्व विद्यालयको आंगिक शिक्षण संस्था हो भनी क्रमशः सम्बन्धित जिल्लाको जिल्ला शिक्षा समन्वय इकाइ वा सम्वन्धित विद्यालय, परिषद् शिक्षालय र त्रिभुवन विश्व विद्यालयले प्रमाणित गरेको पत्रको प्रतिलिपी ।

ग) दलितको हकमा राष्ट्रिय दलित आयोगबाट सूचिकृत भएको अनुसूची ३ अनुसारका जातीहरु र सूचीकृत भएको जाती भित्र एकभन्दा बढी थरहरु भएमा सम्वन्धित जिल्ला प्रशासन कार्यालय/पालिका कार्यालयहरुबाट प्रमाणित गरिएको वा दलित परिचयपत्रको प्रतिलिपी ।

घ) मधेशी/मुस्लिमहरुको हकमा सम्वन्धित पालिका/जिल्ला प्रशासन कार्यालयले प्रमाणित गरीदिएको प्रमाणपत्रको प्रतिलिपी ।

ङ) आदिवासी जनजातीको हकमा नेपाल आदिवासी/जनजाति उत्थान राष्ट्रिय प्रतिष्ठान ऐन बमोजिम सूचीकृत भएको निर्देशिकाको अनुसूची ४ अनुसारका जातीहरु र सूचीकृत भएको जाती भित्र एकभन्दा बढी थरहरु भएमा सम्वन्धित पालिका कार्यालयहरुबाट/जिल्ला प्रशासन कार्यालयबाट प्रमाणित गरिएको आदिवासी जनजाती प्रमाणपत्रको प्रतिलिपी ।

च) पिछडिएको दुर्गम क्षेत्रकाको हकमा अछाम, कालिकोट, जाजरकोट, जुम्ला, डोल्पा, बझाङ्ग, बाजुरा, मुगु र हुम्ला जिल्लाबाटनै न्यूनतम शैक्षिक योग्यता प्राप्त गरेको शैक्षिक योग्यता तथा स्थायी बसोबास गरेको सम्वन्धित पालिका कार्यालयले जारी गरेको प्रमाणपत्रको प्रतिलिपी ।

छ) बेपत्ता पारिएका व्यक्ति र सहिद परिवार तथा घाइते वा निजको परिवारले विक्रम सम्वत २०६२।६३ को जनआन्दोलन, जनयुद्ध, मधेश आन्दोलन लगायत मुलुक भित्र भएका सवै आन्दोलनको क्रममा बेपत्ता पारिएका व्यक्ति तथा सहिद परिवार/जन-आन्दोलन घाइते परिवार/द्वन्दपिडित/विस्थापित हो भनी सम्बन्धित जिल्ला प्रशासन कार्यालयले प्रमाणित गरिदिएको प्रमाणपत्र र नाता प्रमाणपत्रको प्रतिलिपी ।

ज) अपाङ्गको हकमा राष्ट्रिय अपाङ्ग महासंघ वा सम्वन्धित जिल्ला प्रशासन कार्यालयको पत्र वा अपाङ्ग परिचयपत्रको प्रतिलिपी ।

झ) पूर्व कमैया/हलीयाहरुको हकमा सम्वन्धित जिल्ला भूमि सुधार कार्यालयले जारी गरेको प्रमाणपत्रको प्रमाणित प्रतिलिपी र नाता प्रमाणपत्रको प्रतिलिपी ।

ञ) विपन्न वर्गको हकमा आवेदन फाराम भर्ने मिति भित्रको सम्वन्धित पालिकाको कार्यालयले प्रमाणित गरिदिएको पत्रको प्रतिलिपी ।

ट) स्पष्ट मुखाकृती देखिने हालसालै खिचिएको पासपोर्ट साइज (35x45mm) को रंगीन फोटो ।

ठ) न्यूनतम शैक्षिक योग्यता वा सो सरहको शैक्षिक प्रमाण पत्र र **कक्षा ८ को जिल्ला/पालिका स्तरीय परीक्षाको लब्धाङ्कपत्र**को प्रतिलिपी । प्रा. एस.एल.सी. को हकमा एस.ई.ई./एस.एल.सी. र प्रा. एस.एल.सी. को प्रमाणपत्रको प्रमाणित प्रतिलिपि । (२९ महिने प्रा. एस.एल.सी. को हकमा टेष्ट परीक्षाको लब्धाङ्क पत्र) । २०७६ सालमा एस.ई.ई. उतिर्ण गरेका आवेदकको हकमा विद्यालयको चारित्रिक प्रमाणपत्र वा एस.ई.ई. को प्रवेश पत्रको प्रतिलिपि ।

ड) एकल महिलाको हकमा सम्वन्धित पालिका कार्यालयले जारी गरेको प्रमाण पत्रको प्रतिलिपी ।

ढ) फारामसाथ पेश गर्नुपर्ने प्रमाणपत्रहरु आवेदक स्वयमले प्रमाणित गरी सूची बनाई पेश गर्नुपर्नेछ । आवेदन फाराममा उल्लेख गर्नुपर्ने कुरा उल्लेख नगर्ने र आवश्यक कागजात पेश नगर्ने आवेदकहरुको फाराम रद्ध हुनेछ ।

ण) यस छात्रवृत्तिका लागि दुवै लक्षित वर्ग समूहको लागि एउटै आवेदन फाराम हुनेछ । सो फाराममा आफु कुन वर्गमा पर्ने हो सोही व्यहोरा जनाउनु पर्नेछ । लक्षित वर्ग समूहमा आवेदन फाराम भर्न योग्य आवेदक साधारण समूहमा स्वतः आवेदक हुनेछ । यस छात्रवृत्तिमा आवेदन भर्ने आवेदकहरुको आफुले आवेदन फाराम बुझाएको प्रदेश स्तरमा प्रतिष्पर्धा हुनेछ ।

## ४.आवेदन फाराम भर्ने तथा बुझाउने सम्बन्धी विवरण :

**१. भर्ना प्रकृया शुल्क : रु.६००।- (रु. छ सय मात्र)**
**२. अनलाइनमा आवेदन फाराम खुल्ला हुने मिति : २०७७ भाद्र ३० गते देखि ।**
**३. फाराम बुझाउने अन्तिम मिति : २०७७ आश्विन १९ गते सम्म ।**

## ५. आवेदन फाराम बुझाउने सम्बन्धी जानकारी:

(क) वर्गिकृत (निशुल्क) छात्रवृत्तिको आवेदन फाराम आवेदक स्वयंले परिषद् प.नि.का.बाट तोकिएको समयसिमा भित्र Online Application Form भरी बुझाउनु पर्नेछ । यसरी Online Application Form भर्दा आफुले अध्ययन गर्न चाहेको कार्यक्रम र प्रदेश स्पष्टसंग उल्लेख गरी अध्ययन गर्न चाहेको शिक्षालय प्राथमिकिकरण गर्नु पर्नेछ ।

ख) आवेदन फाराम भर्नको लागि प.नि.का. ले तोकेको eSewa, Khalti र IME Pay मध्ये कुनै एकको Mobile Apps वा Direct Online बाट निम्नानुसार भर्ना प्रकृया शुल्क बुझाई भर्न सकिन्छ ।

**Mobile Apps बाट शुल्क जम्मा गरी फाराम भर्ने तरिका**

अ) पहिले नै शुल्क जम्मा गर्नको लागि eSewa, Khalti र IME Pay को Mobile Apps बाट CTEVT को Logo मा Click गरि परीक्षार्थीको नाम, थर, मोबाइल नम्बर (टोकन नम्बर प्राप्तको लागि) र आफूले अध्ययन गर्न चाहेको स्तर (Diploma/PCL) छानि शुल्क जम्मा गर्नु पर्नेछ र शुल्क जम्मा गरि सके पश्चात दिएको मोबाइल नम्बरमा टोकन नम्बर प्राप्त हुनेछ । टोकन नम्बर प्राप्त भइ सके पछि

आ) वेभ ब्राउजरमा www.ctevt.org.np टाईप गरि Enter गर्ने ।

इ) Classified Online Form मा Click गर्ने ।

ई) आफूले अध्ययन गर्न चाहेको एउटा स्तर (Diploma/PCL छानि New User मा Click गर्ने ।

उ) आवेदकको नाम, थर र मोबाइल नम्बर (पहिले नै शुल्क जम्मा गरि टोकन नम्बर प्राप्त गरेको) राखि Proceed मा Click गर्ने ।

ऊ) शुल्क जम्मा गर्ने Already Paid मा छानि आफुले शुल्क जम्मा गरेको कम्पनी छानी प्राप्त भएको टोकन नम्बर राखि Proceed मा Click गर्ने ।

ए) शुल्क जम्मा गरेको भेरिफिकेशन पश्चात आफ्नो पासवर्ड Create गर्ने र पासवर्ड Create भई सके पछि Classified Scholarship Online Application Form Open हुन्छ र Online Application Form मा उल्लेख भएको आवश्यक विवरण भर्दै जानु पर्ने छ ।

**Direct Online बाट शुल्क जम्मा गरी फाराम भर्ने तरिका**

अ) वेभ ब्राउजरमा www.ctevt.org.np टाईप गरि Enter गर्ने ।

आ) Classified Online Form मा Click गर्ने ।

इ) आफूले अध्ययन गर्न चाहेको एउटा स्तर Diploma/PCL छानि New User मा Click गर्ने ।

ई) परीक्षार्थीको नाम, थर र मोबाइल नम्बर राखि Proceed मा Click गर्ने ।

उ) शुल्क जम्मा गर्ने Pay Now मा छानि आफुले शुल्क जम्मा गर्ने कम्पनी छानी Proceed मा Click गर्ने ।

उ) शुल्क जम्मा गरेको भेरिफिकेशन पश्चात आफ्नो पासवर्ड Create गर्ने र पासवर्ड Create भई सके पछि Classified Scholarship Online Application Form Open हुन्छ र Online Application Form मा उल्लेख भएको आवश्यक विवरण भर्दै जानु पर्ने छ ।

नोट: आवश्यक कागजात JPG फर्मेटमा Scan गरि Upload गर्ने Size

- पासपोर्ट साइज रंगीन फोटो (35x45mm) को Size - Minimum 8kb, Maximum 50 kb
- परीक्षार्थीको Signature को Size - Minimum 3kb, Maximum 20 kb
- आवश्यक पर्ने कागजातको Size - Minimum 80kb, Maximum 300 kb

ग) आवेदन फारामको साथमा हालसालै खिचिएको पासपोर्ट साइज (35x45mm) को रंगीन फोटो र तोकिए अनुसारका कागजात अनिवार्य अपलोड गर्नु पर्नेछ । बर्गिकृत (नि:शुल्क) छात्रवृत्तिको अनलाइन आवेदन फाराम भर्ने सम्बन्धी निर्देशन निर्देशिकाको अनुसूची २ मा दिइएको छ ।

घ) तोकिए अनुसारका शुल्क, फोटो र कागजात समावेस नभएका आवेदन फारामहरु स्वत: रद्द हुनेछ ।

ङ ) बर्गिकृत (निशुल्क) छात्रवृत्तिको आवेदन फाराम आवेदक स्वयंले Online मा प्रकृया पुरा गरी परिषद्, प.नि.का. बाट स्वीकृत भएपछि तुरुन्त प्रवेशपत्र प्रिन्ट गर्न सकिन्छ ।

## ६. छनौट प्रकृया सम्बन्धी जानकारी

विश्वव्यापी रुपमा फैलिएको कोभिड १९ को प्रभावका कारण धेरै संख्यामा विद्यार्थीहरु एकै ठाउमा उपस्थित भै प्रवेश परीक्षा लगायतका कार्यक्रम संचालन गर्न परिस्थिति अनुकुल नदेखिएकोले शैक्षिक सत्र २०७७।०७८ को लागि मात्र छात्रबृत्ति तर्फको विद्यार्थी छनौट प्रकृया निम्नानुसार कायम गरिएको छ ।

क) सूचनामा तोकिएको समय भित्र रितपूर्वकको अनलाईन आवेदन फाराम भरेका आवेदकहरुलाई मात्र छनौट प्रकृयामा समावेस गराई प्रादेशिक स्तरमा प्रतिस्पर्धा गराइनेछ ।

ख) अनलाइनमा भरेको आवेदन परीक्षा नियन्त्रण कार्यालयबाट स्वीकृत भएपछि विद्यार्थीको भर्ना अनुमती पत्र तथा भर्ना अनुमती नम्बर कायम हुनेछ ।

ग) डिप्लोमा तथा प्रमाणपत्र तहको छात्रबृत्ति तर्फको सबै कार्यक्रमहरुको नतिजा तयारी, प्रकाशन सिफारिस गर्न प्रत्येक प्रदेश कार्यालयमा देहाय बमोजिमको उप समिति गठन गरिनेछ ।

| | |
|---|---|
| अ) परिषद्को प्रदेश कार्यालय प्रमुख | -संयोजक |
| आ) सम्वन्धित प्रदेशको सामाजिक बिकास मन्त्रालयले तोकेको अधिकृत स्तरको कर्मचारी प्रतिनिधि | -सदस्य |
| इ) सम्वन्धित प्रदेशका परिषद् कार्यालय प्रमुखले तोकेको अधिकृतको स्तरको कर्मचारी | -सदस्य सचिव |

घ) परिषद् प्रदेश कार्यालयमा गठित उप-समितिले नतिजा प्रकाशन सम्बन्धी कार्य गर्न मितव्ययी रुपमा कार्यटोली गठन गर्न सक्नेछ ।

ङ) उप समितिले तोकिएको मिति भित्र रितपूर्वकको अनलाइन आवेदन फाराम इन्ट्री भएका आवेदकहरु मध्येबाट निम्नानुसार योग्यताक्रम निर्धारण गर्ने ।

अ) प्रवेशिका परीक्षा वा एस.ई.ई. मा प्राप्त गरेको प्राप्ताङ्कलाई ६० प्रतिशत अंकभार प्रदान गर्ने ।

आ) कक्षा ८ **को जिल्ला/पालिका स्तरीय परीक्षाको लब्धाङ्कपत्र**मा प्राप्त गरेको प्राप्ताङ्कलाई ४० प्रतिशत अंकभार प्रदान गर्ने ।

इ) प्रा. एस.एल.सी. को हकमा प्रा. एस.एल.सी मा प्राप्त गरेको प्राप्ताङ्कलाई ६० प्रतिशत अंकभार र एस.ई.ई./एस.एल.सी/टेष्ट मा प्राप्त गरेको प्राप्ताङ्कलाई ४० प्रतिशत अंकभार प्रदान गर्ने ।

ई) बुंदा (अ) र (आ) वा (इ) मा प्राप्त गरेको अंकलाई जोडी उच्चतम अङ्क अनुसार योग्यताक्रम निर्धारण गरी भर्ना अनुमती नम्बर सहितको मुख्य उम्मेदवार, वैकल्पिक उम्मेदवार र उतिर्ण सूची तयार गर्ने । प्राप्ताङ्क तयार गर्ने तरिका यस प्रकार हुनेछ:

**उदाहरण १:** कुनै बिद्यार्थीले एस.ई.ई.मा जि.पि.ए. ३.८५ र कक्षा ८ मा जि.पि.ए. ३.५ प्राप्त गरेको छ भने सो को प्राप्ताङ्क यस प्रकार हुनेछ:

(१) एस.ई.ई. को प्राप्ताङ्क निकाल्ने तरिका : जि.पि.ए. X २३.७५ = ३.८५ X २३.७५ = ९१.४४/१००X ६० = ५४.८६

(२) कक्षा ८ को प्राप्ताङ्क निकाल्ने तरिका : जि.पि.ए. X २३.७५ = ३.५० X २३.७५ = ८३.१३/१००X ४० = ३३.२५

(३) जम्मा प्राप्ताङ्क = ५४.८६+३३.२५ = ८८.११

**उदाहरण २:** कुनै बिद्यार्थीले प्रा. एस.एल.सी. मा ८० प्रतिशत र एस.ई.ई.मा जि.पि.ए. ३.५० प्राप्त गरेको छ भने सो को प्राप्ताङ्क यस प्रकार हुनेछ:

(१) प्रा. एस.एल.सी. को प्राप्ताङ्क निकाल्ने तरिका : प्राप्ताङ्क प्रतिशत/१०० X ६० = ८०/१००X ६० = ४८.००

(२) एस.ई.ई. को प्राप्ताङ्क निकाल्ने तरिका : जि.पि.ए. X २३.७५ = ३.५० X २३.७५ = ८३.१३/१००X ४० = ३३.२५

(३) जम्मा प्राप्ताङ्क = ४८.००+३३.२५ = ८१.२५

यसरी सूची तयार गर्दा प्राप्ताङ्क बराबर भएमा निम्नानुसार कायम गर्ने ।

उ) बुंदा (ई) अनुसारको प्राप्ताङ्क पनि बराबर भएमा एस.एल.सी. वा एस.ई.ई. को अनिवार्य गणितको उच्चतम अङ्क/ग्रेड/ग्रेडप्वाइण्ट प्राप्त गर्नेलाई पहिलो प्राथमिकतामा राख्ने ।

ऊ) बुंदा (उ) अनुसारको अङ्क पनि बराबर भएमा क्रमश: एस.एल.सी. वा एस.ई.ई. को अनिवार्य विज्ञान, अनिवार्य अंग्रेजीमा प्राप्त गरेको उच्चतम अङ्क/ग्रेड/ग्रेडप्वाइण्टको आधारमा योग्यता सूची निर्धारण गर्ने ।

ए) बुंदा (ऊ) अनुसार पनि अङ्क बराबर भएमा सोही समूह भित्रका क्रमश: एकल महिला, महिला, दलित, आदिवासी/जनजाती, मुस्लिम, मधेसी, पिछडिएको दुर्गम क्षेत्रको आधारमा योग्यताक्रम सूची तयार गर्ने ।

च) सम्वन्धित परिषद, प्रदेश कार्यालयले उपरोक्त बिधिबाट नतिजा तयार गरी उच्चतम अङ्कको आधारमा आवेदकले प्राथमिकिकरण गरेको शिक्षालय अनुसार नतिजा प्रकाशन गरी भर्नाको लागि सिफारिस गर्ने साथै प्रदेश कार्यालय र परिषदको बेभसाइटमा प्रकाशन गर्ने ।

## ७. अन्य जानकारीहरु :

क) छात्रवृत्ति प्राप्त गर्ने बिद्यार्थीले प्रचलित कानूनले दण्डनीय काम गरेको ठहर भएमा छात्रवृत्तिको सुविधा स्वत: खारेज हुनेछ ।

ख) छात्रवृत्तिको योग्यताक्रम सूचिमा रहेका विद्यार्थी पूर्ण शुल्किय कोटामा भर्ना भई रजिस्ट्रेशन कायम भए पश्चात छात्रवृत्ति कोटा रित्त रहेता पनि छात्रवृत्तिमा स्थानान्तरण गरिने छैन ।

ग) बसाई सराई गरेका आवेदकको हकमा आवेदन फाराम भर्ने सूचना प्रकाशित भएको मितिले कम्तिमा ६ महिना अगाडि बसाई सराई भएको कागजात सम्वन्धित पालिकाबाट प्रमाणित भएको हुनुपर्नेछ ।

घ) यस छात्रवृत्ति कार्यक्रममा निर्देशिका बमोजिम योग्यता पूरा गरेका विद्यार्थीहरुले आफुलाई अध्ययन गर्न पायक पर्ने जुनसुकै प्रदेशबाट आवेदन फाराम भर्न सक्नेछन तर छात्रवृत्ती छनौट आवेदन फाराम भरेको प्रादेशिक स्तरमा प्रतिस्पर्धाद्वारा योग्यताक्रम अनुसार हुनेछ ।

नोट: यस सूचनामा समावेश हुन नसकेका भर्ना सम्बन्धी प्रावधानहरु परिषद्को ऐन, नियम, विनियम तथा परिषद् प.नि.का. द्वारा जारी गरिएको "डिप्लोमा तथा प्रमाण-पत्र तहको प्रवेश परीक्षा संचालन, छात्रवृत्ति वितरण एवं भर्ना सम्बन्धी निर्देशिका २०७४ (तेस्रो संशोधन) बमोजिम हुनेछ । आवेदन फाराम भर्ने विद्यार्थी, अभिभावक तथा कार्यक्रम संचालन गर्ने शिक्षण संस्थाहरुले उल्लेखित निर्देशिका परिषद्को वेभसाइट www.ctevt.org.np बाट डाउनलोड गरी अनिवार्य रुपमा अध्ययन गर्नु हुन सूचित एवं अनुरोध गरिन्छ । विद्यार्थीलाई भर्ना गराई अध्ययनको अवसर प्रदान गराइदिन्छु भनी झुट्टा आश्वासन तथा भ्रम पैदा गराई कोही कसैले अनुचित प्रभाव पार्न चाहेमा त्यसप्रति पुर्ण सचेत रही भर्ना प्रकृया मर्यादित एवं निष्पक्ष रुपमा संचालन गर्न गराउन सम्बन्धित विद्यार्थी, अभिभावक र सरोकारवालाहरुमा हार्दिक अनुरोध गरिन्छ । साथै अन्य जानकारी आवश्यक परेमा परिषद्का प्रदेश कार्यालयहरु इटहरी, जनकपुर, हेटौडा, पोखरा, बुटवल, विरेन्द्रनगर, धनगढी र परिषद्को परीक्षा नियन्त्रण कार्यालय, सानोठिमी, भक्तपुरमा सम्पर्क राख्नुहुन सूचित गरिन्छ ।

**परीक्षा नियन्त्रक**